# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
पाँचखाल नगरपालिका,
काभ्रेपलाञ्चोक ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५५ लाख १९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ लाख र पेश्की रु.२२ लाख २५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १० यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**पाँचखाल नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न **पाँचखाल नगरपालीका**को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १३वडा रहेको६८ नगरसभा सदस्य,१०३व.की.मी.क्षेत्रफल,३७७९७जनसंख्या र ३ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष-** आर्थिक वर्ष २०७४।७५ को स्थानीय संचित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३७७९८६३६ | १ | **चालु खर्च** | ३००६५७०६३ | २३९७८५७५४ |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | | १५७०८८८३७ |
| | ख) बैंक | ३७७९८६३६ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ३२१४९७४१ | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ३०४८३९१८ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ० | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) अन्य आय | १६६५८२३ | | ४ | **धरौटी फिर्ता** | | ५८१६१६ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ४१३९९५५०२ | ५ | **कोष खर्च** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २०७११५००० | | ६ | गतवर्षको निकासा फिर्ता | | ३१०५१०१ |
| | ख) सशर्त अनुदान | १४१८७२४३४ | | ७ | **मौज्दात** | | ८८८४००५९ |
| | ग) समाजकल्याण कार्यक्रम | २००००० | | | क) नगद मौज्दात | ० | |
| | घ) स्था.शासन तथा सा.वि.का. | १५७९३५२ | | | ख) बैंक मौज्दात | ८८८४००५९ | |
| | ङ) स्था.शासन तथा सा.वि.का. | ५७२५१६ | | | | | |
| | च) सामाजिक सुरक्षा | ५९२२७२०० | | | | | |
| | छ) गरीवसंग विश्वेश्वर का. चालू | ४२९००० | | | | | |
| | छ) स्थानीय यातायात पूर्वाधार | ३०००००० | | | | | |
| ४ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ५ | **जनसहभागिता (नगद)** | | ३२७७००० | | | | |
| ६ | **विषयगत निकायबाट प्राप्त रकम** | | १२००००० | | | | |
| | क) नेपाल पर्यटन बोर्ड | ० | | | | | |
| | ख) सडक बोर्ड | १२००००० | | | | | |
| ७ | **धरौटी आय** | | ९८०४८७ | | | | |
| ८ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | ४८९४०१३६७ | | **जम्मा** | | ४८९४०१३६७ |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | **आन्तरिक आयतर्फः** | |
| १. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आन्तरिक आम्दानी संकलनको लागि प्रयोग गर्ने नगदी रसिद नियन्त्रणको लागि रसिद नियन्त्रण खाता राख्नु पर्दछ । कार्यालयले रसिद नियन्त्रण खाता प्रयोग गरेको भए तापनि अध्यावधिक र व्यवस्थित देखिएन । यसले गर्दा नगरपालिकाको सवै आम्दानी संचित कोषमा दाखिला भएकोमा आश्वस्त हुने आधार भएन । यस सम्वन्धमा नगगपालिकाले छानविन गरी सवै आन्तरिक आय दाखिला भए नभएको सुनिश्चित गर्नु पर्दछ र आगामी दिनमा यस्तो हुन नदिन नियमित रुपमा प्रतिवेदन बुझाउने व्यवस्था गर्नु पर्दछ । | |
| २. | **राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । कार्यालयको विवरण अनुसार वडा नं. ८ कार्यालयले गरेको आम्दानी २०७४ माघ र २०७५ आषाढमा मात्र कार्यालयमा दाखिला भएको देखिन्छ । असुली रकम लामो समयसम्म नगदै राख्दा आइपर्नसक्ने जोखिम, भौगोलिक विकटता र बैङ्कसम्मको दूरी समेतलाई विचार गरी यथासक्य छिटो समयमै बैङ्कमा दाखिला गर्ने गराउने तर्फ समेत ध्यान जानुपर्ने देखिन्छ । | |
| ३. | **प्राकृतिक तथा व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । | |
| ४. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ५. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ६. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई नगरपालिकाहरुले Sub-national Tresury Regulatory Application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याउनु पर्दछ । | |
| ७. | **बैङ्क हिसाव मिलानः** कार्यालयले प्रत्येक महिना बैङ्क स्टेटमेण्ट र कार्यालयको स्रेस्ता आपसमा भिडान गरी बैङ्क हिसव विवरण(म.ले.प.फा.नं.१५) बनाउनुपर्नेमा त्यस्तो गर्ने गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा नेपाल बैङ्क लिमिटिड धुलिखेल शाखामा साविकको खातामा मौज्दात रहेको रु.९०,७४९।- स्रोत खुलाई आम्दानी नबाँधेकोले एकिकृत आय-व्यय विवरणमासमेत समावेश नभएको हुँदा स्रोत पहिचान गरी आम्दानी बाँध्नु पर्ने | ९०७४९/- |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | देखिएको रु. | |
| ८. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्वन्धी परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविक नगर विकास समितिहरुको पेश्की तथा बेरुजू अभिलेख नगरपालिकामा कायम गरी फछ्र्यौट गर्नु गराउनु पर्नेमा गराएको छैन।<br>• नगरपालिकाले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन।<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने र कैफियत देखिएका विषयको कार्यान्वयन गर्ने व्यवस्था बमोजिम जिन्सी निरीक्षण फाराम प्रमाणित गरी राखेको भए तापनि निरीक्षण कर्ताले नियममा तोकेको व्यहोरा खुलाई लिखित प्रतिवेदन दिएको पाइएन। नियम बमोजिम जिन्सी निरीक्षणको लिखित प्रतिवेदन लिई सरकारी संपत्तीको संरक्षण र उपयोगलाई थप व्यवस्थित गर्नु पर्दछ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन। नियमको पालना हुनु पर्दछ।<br>• नगरपालिकाले स्वीकृत गरेका खानेपानी, सिंचाइ, सडक लगायतका अधिकांश योजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने नीति लिएको परिप्रेक्ष्यमा उपभोक्ता समिति परिचालन सम्वन्धी कार्यविधि बनाई थप व्यवस्थित बनाउनु पर्नेमा सो हुन सकेको पाइएन। उपभोक्ता समितिमार्फत परिचालन सम्वन्धी कार्यविधि बनाई उपभोक्ता समितिको गठन, दर्ता, काम, कर्तव्य र अधिकार लगायतका विषयलाई व्यवस्थित गर्न आवश्यक देखिन्छ।<br>• अधिकांश सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ।<br>• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद कार्य गरेको देखिन्छ। | |
| ९. | **लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सञ्चालन गरेका सशर्त, नी:शर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी समीक्षा गरेको पाइएन। प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने भएकोले नगरपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ। | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १०. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १२. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १३. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १४. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा रु.७,७५,४४०।- ट्रान्सफर गरेको छ । तर कोषमा आवद्ध हुने कर्मचारीहरुकोतर्फबाट योगदान भएको देखिएन । ऐनमा भएको व्यवस्था बमोजिम कोषलाई योगदानमा आधारित बनाउनुपर्दछ । | |
| १५. | **भारी उपकरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिहरुले माटो खन्ने पुर्ने कार्यसंग सम्वन्धित खेलमैदान निर्माण, सडकको ट्र्याक खोल्ने एवं मर्मत संभार गर्ने लगायतका योजनाहरुमा डोजर, एक्साभेटर जस्ता भारी उपकरणहरुको प्रयोग भएको केही उदाहरण निम्नानुसार छन्:

| भौ न मिति | कामको विवरण | संझौता रकम | प्राविधिक मु. विल | डोजर खर्च |
|---|---|---|---|---|
| १०९।०७५।२।४ | एकिकृत ग्रामिण कृषि सकड | | १२५९६३८।८६ | ११२४२३१। |
| १८८।०७५।३।१३ | भिमसेनस्थान देखि नारायण स्थान हुदै | | २१८३५१। | २१८३५१। |
| २५१।०७५।३।२२ | टांके मानेगाउं बाटो मर्मत | | २४९६९३७। | २४१६९३७। |

उपभोक्ता समितिले निर्माण व्यवसायीहरुसंग सोझै भाडा संझौता गरी डोजर/एक्साभेटर प्रयोग गरेबाट स्थानीय साधन/श्रमको उपयोग हुन नसकेको, वातावरणमा प्रतिकुल असर परेको र अप्रत्यक्ष रुपमा निर्माण व्यवसायीलाई ठेक्का हस्तान्तरण हुन गएको विषयलाई नियमन हुनेगरी नगरपालिकाले थप निर्देशिका तुर्जुमा गरी सुधार हुनु पर्दछ ।

१६. **बैठक भत्ता:** प्रदेश नं. ३ सरकारले मिति २०७५।१।२० मा राजपत्रमा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीहरुले पदमा वहाली देखि नै पाउने गरी मासिक सुविधाको सीमा तोकेको छ, । यो वर्ष कायपालिकाको निर्णयानुसार कार्यदल, वडा समिति, कार्यपालिका र नगरसभा बैठकका पदाधिकारी तथा सदस्य र कर्मचारीहरु समेतलाई कुल रु.२४ लाख ४५ हजार भुक्तानी गरेकोमा निम्नानुसार देखिएको रु. २४४५०००/-

१) ऐनको दफा ४ सम्वन्धित अनुसूची- १ अनुसार न्यायिक समिति र ३ विशेष समितिको लागि बैठक भत्ता दिनसक्ने व्यवस्था रहेकोमा वडा समिति तथा नगर कार्यपालिका बैठक र नगरसभाका पदाधिकारी तथा सदस्यहरुलाई समेत रु.१२०० दरले रु.२३,९५,६००।- बैठक भत्ता भुक्तानी गरेको छ । कानूनमा व्यवस्था नगरी यस्तो बैठक भत्ता भुक्तानी दिन मिल्ने देखिदैन ।

२) ऐनले न्यायीक समिति र ३ वटा विशेष समितिको बैठकमा दिन सक्ने भत्ता दर रु.५०० तोकेको छ । उक्त समितिलाई यो वर्ष रु.१,०००।- दरले रु. ५१,०००।- भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रु.२५,५००।- असुल गर्नु पर्दछ ।

## पुँजिगत खर्च खातातर्फ

१७. **पाईप खरिद र खर्च :** खानेपानी योजनामापाइपलाइनको लागि खाडल खन्नेपुर्ने र पाइप जडान कार्यको लम्वाइ आपसमा हाराहरी हुनु पर्दछ ।निम्नभौ नं र मितिमा उपभोक्ता समितिलाई प्राविधिकबाट नापजाँच गरी मुल्याकंनबाट आएको रकममा उपभोक्ता समितिको अंश कट्टा गरी भुक्तानी गरेको छ । समितिले सम्पन्न गरेको कामको नापी किताबमा पाईप लाईन ट्रेन्चको लागि माटो खन्ने पुर्ने काम र विभिन्न साईजको जडान गरेको भनी खर्च देखाएको छ । पाईप लाईनको ट्रेन्च खन्ने लम्वाभन्दा निम्न परिमाण बढी पाईप खरिद गरेको समितिको विल बमोजिम मुल्याङ्कन गरी भुक्तानी गरेकोले बढी पाईप खरिद गरी खर्च गरेको पुष्ट्याई पेश नभएको रु. ३४४६७३/-

| भौ न मिति | योजनाको नाम | पाइप लाईन खनेको लम्वाई | पाईप खरिद लम्वाई | बढी खरिद पाईप | प्रति मिटर दर | वढी खरिद रकम |
|---|---|---|---|---|---|---|
| १५६।०७५।३।१ | रानीपानी खा पा डिप बोरिङ्ग | १९०० मिटर | २४०० मिटर | ५००मिटर | २०८।६८ | १०४३४०। |
| १६९।०७५३।७ | भमरकोट डिपबोरिङ्ग खा पा | २००० मिटर | ७४०० मिटर | ३३०० मिटर<br>२१०० मिटर | ३५।१३<br>५९।२४ | २४०३३३। |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

१८. **संझौता अवधि**: सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२०मा संझौताको अवधि थपको लागि निवेदन प्राप्त भएपछि सम्वन्धित निर्माण व्यसायीले समयमै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन जाँचबुझ गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत वडाहरुमा विभिन्न निर्माण कार्यको लगि सिलबन्दी बोलपत्रको माध्यमबाट एस एम आर/इ जि जे भी को कबोल ठेक्का स्विकृत गरी मिति २०७४।८॥१२ मा संझौता भएको छ। संझौता अनुसार निर्माण व्यवसायीले मिति २०७५।३।२० गते भित्र सवै निर्माणको कार्य सम्पन्न गर्नुपर्ने उल्लेख गरेको छ । निर्माण व्यवसायीलाई दिएको कार्यादेश अनुसार कार्य नगरेको कारण कार्यालयले पहिलो पटक २०७४।११।२३ , दोस्रो पटक २०७४।१२।२७ मा कार्य सुचारु गर्न जाकारी दिएको , तेस्रो पटक २०७५।२।३ मा ७ दिन भित्र कार्य नगरेमा आवश्यक कारवाही अगाडी बढाउने जानकारी दिएको र चौथो पटक २०७५।३।४ मा कालो सुचीमा किन नराख्ने एक हप्ता भित्र उपस्थित भई भरपर्दो जवाफ पेश गर्नुहुन सुचित गरेको छ। उल्लिखित प्रक्रिया पुरा भैसकेपछि वर्षा तथा चुनावको कारण देखाइ व्यवसायीले मागे बमोजिम देहायका अवधिसम्मनि:शर्त म्याद थप गरिदिएको छ । नियमावलीको व्यवस्था बमोजिम जाँचबुझ गरी वा गराई अवधि थप गर्नु पर्दछ। व्यवसायीले समयमा काम नगरी ढिलाइ भएको अवस्थामा संझौतानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनु पर्दछ।

| भौ न मिति | लागत अनुमान | निर्माण काम र वडा नं | संझौता रकम | हाल सम्मको भुक्तानी | म्याद थप अवधि |
|---|---|---|---|---|---|
| १७६।०७५।३।१० | २४९९१७२। | २ न. कार्यालय भवन निर्माण | १६२८४४७। | ४६१६४०। | २०७५।१०।१० |
| १७८।०७५।३।१० | २४९९१७२। | ५ न. कार्यालय भवन निर्माण | १५९७००६।८१ | ६३२६५३। | २०५।६।२० |
| १९।०७४।८।२४ | २४९९१७२। | १० न. कार्यालय भवन निर्माण | १६४४०७५। | पेश्कीमात्र | २०७५।६।२० |
| २०।०७४।८।२४ | २४,४५,७०८। | ७ न. कार्यालय भवन निर्माण | १५८५६६०।०९ | पेश्कीमात्र | २०७५।६।२० |
| ४२७।०७५।३।३१ | | कार्यालय भवन | १०४७९१४३।७ | ३१९६९८२। | २०७५।११।२० |

१९. **बढी भुक्तानी:**भौ नं ४२७ मिति २०७५।३।३१ एस एम आर/ई जे भी को पहिला रनिङ्ग विलको प्राविधिक मुल्याकंन अनुसार रु.३०,९६,९८२।३० मा प्रोभिजनल समको वीमा वापत राखेको रु.१,००,०००। समेत गरी रु.३१,९६,९८२।३० भुक्तानी गरेको छ । निर्माण व्यवसायीले पेश गरेको वीमा प्रिमियममा ५ जना व्यक्तिको २०७५।३।३१ देखि २०७५।६।२६ सम्मको वीमा गरेको शुल्क रु.३५५३।८५ र ठेक्काको एक वर्ष वीमा शुल्क रु.३२२२९।१४ समेत रु.३५७८२।९९ मात्र शुल्क तिरेको आधारमा रु.१०००००। भुक्तानी गरेकोले प्रिमियम शुल्क बुझाएको भन्दा निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेको रु.६४,२१७। अर्को विलबाट समायोजना गरी हिसाव मिलान गर्नुपर्ने रु. — ६४,२१७।-

२०. **कर समायोजन:**मुल्य अभिबृद्धी कर नियमावली,२०५३ नियम १७ मा प्रापकलाई तोकिएको ढांचामा कर विजक दिनु पर्ने र विजकको पृष्ठमा देखिने गरी प्रष्टसंग करविजक लेखिएको हुनुपर्ने उल्लेख गरेको छ । विभिन्न निर्माण कार्य सम्पन्न गरे वापत भुक्तानीको लीग निर्माण व्यवसायी भगवती निर्माण सेवाले कार्यालयलाई उपलब्ध गराएको विलमा बिजक नम्वर उल्लेख नगरकोले विजक नम्वर उल्लेख नगरेको विलबाट निम्नानुसार मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएकोले सम्बन्धित कर कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने अन्याथा मुल्य अभिबृद्धि कर रकम असुल गर्नु पनें रु. — ४५,०५२।-

| भौ. नं मिति | कामको विवरण | विल मिति | विल रकम | मुल्य अभिबृद्धि कर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ५३।०७४।११।१४ | कार्यालयमा आल्मुनियम पार्टिएसन | २०७४।११।१४ | १३३९३५।९१ | १७४११। | १५१३४६। |
| ३२६।०७५।३।२६ | मोटर बाटा ग्राभेल | २०७५।३।२६ | २१२६२५। | २७६४१। | २४०२६६। |

२१. **विल भन्दा बढी खर्च:** कार्यालयले विभिन्न उपभोक्ता समितिलाई संझौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको प्राविधिक मुल्याकंन अनुसार जनसहभागिताको अंश कट्टा गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | भुक्तानीको विल अनुसार मात्र बजेट खर्च गर्नु पर्नेमा निम्नानुसार बढी खर्च गरेको रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | ८७९५०/- |

| भौ न मिति | आयोजना | प्राविधिक मुल्याकन | ४ % कन्टेन्जेन्सी | जम्मा | जनसहभागिता | खर्च गर्नुपर्ने | खर्च गरेको | बढी खर्च |
|---|---|---|---|---|---|---|---|---|
| ३८९।०७५।३।२९ | केराघारी र्‌याले अनैकोट | ७९२८५८। | ३८७४८। | ८३१६०६। | १६९१९६। | ६६२४१०। | ७५००००। | ८७५९०। |

२२. भौ न ३६७ मिति ०७५।३।२८ दुलालथोक डिपबोरिङ्ग खानेपानीको लागि उपभोक्ता समितिले सम्पन्न गरेको निर्माणकामको प्राविधिकबाट मुल्याकंन गरी कार्यालयले जनसहभागिताको अंश कट्टा गरी रु.१३२५४२७। खर्च गरेको छ । उपभोक्ता समितिले गरेको काम मध्ये खानेपानी पाईपलाईनको लागि विभिन्न साईजको ९४७२ मिटर पाईप खरिद गरेको विल पेश गरे अनुसार रु.११६६९४९। प्राविधिक मुल्याकंन गरेको र सोही प्राविधिक मुल्यांकन विलमा जम्मा ४९७२ मिटर पाईप मात्र जडान गरेको देखाएको छ । पाईप जडान परिमाण भन्दा निम्नानुसार ४५०० मिटर बढी खरिद गरी रु.२,१३,७४२। बढी खर्च गर्नुपर्नाको प्राविधिक पुष्ट्याई पेश गरेको छैन । बनेपा निर्माण सामाग्रीको २०७५।३।१७ को विलमा ७५ मि मि ६ के जी साईजको १४४ मिटर मात्र खरिद गरेको देखिन्छ भने प्राविधिक मुल्याकंन विलमा ४३२ मिटर खरिद गरेको भनी उल्लेख गरेकोले खरिद परिमाण भन्दा प्राविधिक मूल्यांकन विलमा बढी उल्लेख गरी भुक्तानी लिएको रु.८९,९२२। असुल गर्नु रु. ८९९२२/-

| पाईपको साइज | जम्मा परिमाण | खरिद दर | रकम |
|---|---|---|---|
| १६ मि मि | १८०० मिटर | २४।११ | ४३३९८। |
| २० मि मि | ६०० मिटर | ३५।१३ | २१०७८। |
| २५ मि मि | १००० मिटर | ५२।९५ | ५२९५०। |
| ३२ मि मि | ११०० | ८७।५६ | ९६३१६। |

२३. **कन्टेन्जेन्सी खर्च:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ( ४ ) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिँदा उपनियम ( ३ ) को खण्ड ( ख ) बमोजिमको लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न निर्माण कार्यको काम उपभोक्ता समितिसंग संझौता गरी सम्पन्न कामको प्राविधिक मुल्याकंनबाट कायम भएको रकममा कन्टेन्जेन्सी वापतको ५ प्रतिशत रकम थप गरी हुने रकममा जनसहभागिताको अंश कट्टा गरी संझौता बमोजिम को रकम भुक्तानी गर्ने गरेको छ । यसरी भुक्तानी गर्दा नियम अनुसार कट्टा गर्नु पर्ने कन्टेन्जेन्सी रकम समेत उपभोक्ता समितिलाई थप कन्टेन्जेन्सी भुक्तानी गरेकोले यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखियो यसका केही उदाहरण निम्न अनुसार छन् ।

| **भौ न मिति** | **कामको विवरण** | **मुल्याकन** | **कन्टेन्जेन्सी थप गरेको** | **जम्मा विल** | **श्रमदान कट्टा गरेको** | **कन्टेन्जेन्सी थप** | **बजेट खर्च गरेको रकम** |
|---|---|---|---|---|---|---|---|
| ४२९ | होक्से खा पा | ४३०८६०३। | १५८१८४। | ४४६६७८८। | ६७०३४९ | १५८१८४ | ३९५४६२४। |
| १५२।०७५।२।३० | महाकाल धोत्रा मो बा नि | २३६२८८। | ८०००। | २४४२८८। | ५२२८८। | ८०००। | २०००००। |
| १५२।०७५।२।३० | तिनघटे सिमाली कुवा सडक | ३५७२८१। | १२०००। | ३६९२८१। | ८१२८१। | १२०००। | ३०००००। |
| ३७७।०७५।३।२९ | खरेलथोक कोशी खा पा | २०८४५५८। | ७३६००। | २१५८१५८। | ३९१७५८। | ७३६००। | १८४००००। |
| आन्तरिक स्रोत तर्फको | | | | | | | |
| ९।०७५।१।२४ | वि वि राजमार्ग वेला रानीपानी हुदै अरनिको | ३२९६७१९। | ११२०००। | ३४०८७१९। | ७२०७१९। | ११२०००। | २८०००००। |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हाइवे | | | | | | |
| ११।०७५।३।३ | जोगी थुम्का खा पा लिफ्टिङ | २२१८११९। | ७७९३२। | २२९६०५१ | ४२५६७४। | ७७९३२। | १९४८३०८। |
| १२।०७५।३।३ | चिसापानी जाने बाटो | १३४८५६५। | ४६०१७ | १३९४५८२। | २९०२१२। | ४६०१७ | ११५०४२५। |
| २४।०७५।३।२७ | पाडुला राताडिही होक्से बाटो | १५६९१०९। | ५३११५। | १६२२२२५। | ३४७४५३। | ५३११५। | १३२७८८७ |
| २५।०७५।३।२७ | चिसापानी जाने मो वा मर्मत | ४१६७५३२। | १४१९८२। | ४३०९५१५। | ९०१९२३। | १४१९८२। | ३५४९५७४। |

२४. सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा संभ्कौताको अवधि थपसम्वन्धी व्यवस्थामा काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद संभ्कौता को अवधि नबढाई नहुने भएमा अधिकारी प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने उल्लेख छ । निम्न निर्माण व्यवसायीले संभ्कौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न गराउने तर्फ ध्यान नदिइ कार्य सम्पन्न गर्ने म्याद थप गर्नु पर्ने विभिन्न कारण देखाई निवेदन दिएको छ । कार्यालयले अवधि थप गर्नुपरेको कारण जांचबुझ र आधार प्रमाण अध्ययन नगरी निर्माण व्यवसायीले माग गरे बमोजिम थप अवधि दिएको छ । यसका केही उदाहरण निम्न छन ।

| भौ न मिति | आयोजनाको | निर्माण व्यवसायी | संभ्कौता रकम | हाल सम्म खर्च | सम्पन्न गर्नुपर्ने अवधि | म्याद थप अवधि |
|---|---|---|---|---|---|---|
| २३२।०७५।३।२१ | घरेलु हल मर्मत | भगगवी नि से | १७१६६८४। | १२९३५०६। | २०७५।३।२० | ०७५।५।१५ |
| ४११।३।३१ | वडा न.३ भवन | पि एस के नि से | २५७०२५३। | १३७१३९३। | ०७५।५।२५ | २०७५।१५ |

## सञ्चालन खर्च खातातर्फ

२५. **तवली प्रतिवेदन:** स्वास्थ्य सेवा/निजामती कर्मचारीको हकमा समवन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र शिक्षक कितावखानाबाट पारित तलव प्रतिवेदनको आधारमा शिक्षकहरुको तलव निकासा पठाउनु पर्नेमा तलवी प्रतिवेदन पारित नगराई कर्मचारी र शिक्षकहरुको तवल भत्त खर्च लेखेकोले भिडान गर्न सकिएन । समयमै तवली प्रतिवेदन पारित गराई भुक्तानी दिनु पर्दछ ।

२६. **मर्मत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा सार्वजनिक निकायमा रहेका कुनै मालसामान मर्मत सम्भार गर्नु पर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनु पर्ने र जानकारी प्राप्त भए पश्चात सो को लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले विभिन्न मितिमा देहाय बमोजिम मर्मत गरी खर्च गरेकोमा सो मर्मतको लागि कार्यालय प्रमुखवाट पूर्व स्वीकृती लिएको पाइएन । नियममा भएको व्यवस्था बमोजिमको कार्य गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| भौ । मिति | विवरण | फर्मको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ११५/२०७४/९/१४ | गाडी मर्मत बा.२फ १४९४ | युनिक आइडियल अटोमोवाइल्स प्रा.लि. | ४६९५८.२८ | वीलको आधारमा मात्र भुक्तानी |
| १२१/२०७४/९/२० | ,, | ,, | १७८३१.४० | ,, |
| १६३/२०७४/९/३० | कम्प्युटर मर्मत | एस एस कम्प्युटर इन्ष्टिच्युट | ५४८१०.०० | ,, |

२७. **कर विजक:** आन्तरिक राजस्व कार्यालयको परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुचि ५ वमोजिमको विजक छपाइ गर्दाकै समयमा विजक नं. समेत राख्नु पर्ने निर्देशन गरेको छ । कार्यालयले निम्न निमार्ण व्यवसायीलाई मुल्य अभिबृद्धि कर समावेश भएको रकम भुक्तानी गरेकोमा प्रेसित करविजकमा विजक नम्बर उल्लेख नभएकोले आन्तरिक राजश्व कार्यालयमा

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

विवरण पेश गर्दा उक्त रकम छुट्न सक्ने भएकोले भुक्तानी रकम मूल्य अभिवृद्धी कर समायोजन विवरणमा समावेश भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा कर रकम असुल गर्नुपर्ने देखिएको रु... २५,४८०/-

| गो.भौ.नं.। मिति | कार्यक्रम विवरण | भुक्तानी फर्म | वील रकम | भुक्तानी मू.अ कर रु. |
|---|---|---|---|---|
| ३७३-२०७५/२/१५ | एक्सरे कोठा मर्मत | भगवती निर्माण सेवा | ११३५३१.०० | १३०६१.०० |
| ३-२०७५/१/१० | अफिस कोठा आल्मुनियम पार्टेशन | ,, | १०७९५१.४४ | १२४१९.०० |
| | | जम्मा | | **२५४८०.००** |

२८. **बढी भुक्तानी :** भौ.६०३।२०७५।३।३१ नगरपालिकाको पारित कार्यक्रम अनुसार मजदुर गलैचा लघुउद्यम समुहलाई मेसिन तथा सामाग्री खरिद गरी तालिम संचालनको लागि रु.१,००,०००।- विनियोजन गर्ने गरी मिति २०७५।२।२७ मा टिप्पणी आदेश भएकोमा उक्त मजदुर गलैचा लघुउद्यम समुहले मिति २०७५।२।२५ देखि २०७५।३।२३ सम्म कार्यक्रम संचालन गरी पेश गरेको प्रमाणको आधारमा रु.१,००,०००।- भुक्तानी दिनुपर्नेमा सो उघुउद्यमलाई रु.२,००,०००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१,००,०००।- असुल गरी कोष दाखिला गर्नुपर्ने रु... १,००,०००/-

२९. **पेश्की :-** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ७९(१)मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई लिइने उल्लेख छ । निम्न अनुसार पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेको निम्न रकम नियमानुसार फछ्र्यौट हुनुपर्ने रु... २२२५२७५/-

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | रकम |
|---|---|---|
| पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | २०७४.११.१४ | 300000.00 |
| एस.एम.आर./इजी विल्डर्स जे.भी. | २०७४.१०.२ | 1168020.00 |
| पि.एस.के.निर्माण सेवा | २०७५.२.२७ | 231600.00 |
| इजी विल्डर्स | २०७४.८.२४ | 106200.00 |
| इजी विल्डर्स | २०७४.८.२४ | 158880.00 |
| इजी विल्डर्स | २०७४.८.२४ | 140300.00 |
| इजी विल्डर्स | २०७४.८.२४ | 120275.00 |
| | | **2225275.00** |

३०. **वित्तीय जवाफदेहिता:** कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयको वित्तीय जवाफदेहिताको स्तर 'बि' रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार हुनुपर्दछ ।

३१. **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.३ लाख ४८ हजार, अनियमित बेरुजू रु.२४लाख ४५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.३५ लाख ४९ हजार र पेश्की बाँकी देखिएको रु.२२ लाख २५ हजार समेत रु.८५ लाख ६८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.३० लाख ४९ हजार फछ्र्यौट भई रु.५५ लाख १९ हजार बेरुजू कायम भएको छ।

३२. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| **३१६७५०००.००** | **०** | **३१६७५०००.००** |

३३. **अद्यावधिक बेरुजु स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|
| **३१६७५०००.००** | **०** | **५५१८३१८.००** | **३७१९३३१८.००** |

उल्लेखित बेरुजु नियम बमोजिम फछ्र्यौट गरिनुपर्दछ।